# संघीय संसद
# संसदीय सुनुवाई समितिको
# सूचना

नेपालको **प्रधान न्यायाधीश**को पदमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री **चोलेन्द्र शमशेर ज.ब.रा.को** नियुक्तिका लागि संवैधानिक परिषद्बाट सिफारिस भई मिति २०७५/०८/२७ गते यस समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रसारण गरिएको छ । उक्त पदमा उहाँलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार सहित मिति २०७५ पुस ११ गते कार्यालय समय भित्र यस समितिसमक्ष निम्न माध्यमहरु मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन र सम्पर्क माध्यम स्पष्टरुपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै सतहत्तरै जिल्लाका सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुले यस सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरुमा टाँस्ने व्यवस्था गरिदिनुहुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७५ पुस ११ गते कार्यालय समय भित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुन समेत अनुरोध छ ।

**सूचना दिने ठेगाना:**

संसदीय सुनुवाई समिति,
संघीय संसद सचिवालय, सिंहदरवार ।
फोन नं./ फ्याक्स: ०१-४२००२७७
ईमेल: *parl_hearing@parliament.gov.np*